**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ जनवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा ग्रामीण भारत महोत्सव २०२५ को उद्घाटन गर्नु हुनेछ।

**२.** केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले यो वर्ष गाउँलाई गरिबीमुक्त बनाउन आफ्नो मन्त्रालय प्रतिबद्ध रहेको बताउनु भएको छ ।

**३.** विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकर र माल्दिभ्सका विदेशमन्त्री डा अब्दुल्लाह खलिलबीच हिजो नयाँ दिल्लीमा द्विपक्षीय वार्ता सम्पन्न भयो।

**४.** बिहारमा आज देखि गुरु गोविन्द सिंहको ३५८ औं जन्मजयन्तीको अवसरमा तीन दिवसीय प्रकाश पर्व सुरु हुँदैछ।

**५.** वायु गुणवत्ता प्रबंधन आयोगले राष्ट्रिय राजधानी क्षेत्रमा वायुको गुणस्तर खस्किन नदिन 'ग्रेडेड रेस्पोन्स एक्सन प्लान–ग्रेप–श्री' तत्काल लागू गरेको छ।

**प्रधानमंत्री ग्रामीण महोत्सव**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा ग्रामीण भारत महोत्सव २०२५ को उद्घाटन गर्नु हुनेछ। यस अवसरमा श्री मोदीले जनसभालाई पनि सम्बोधन गर्नु हुनेछ। ग्रामीण पूर्वाधारको विकास, आत्मनिर्भर अर्थतन्त्र निर्माण र ग्रामीण समुदायमा नवप्रवर्तनको प्रवर्द्धन गर्ने यस महोत्सवको उद्देश्य रहेको हाम्रो संवाददाताले जानकारी दिएका छन्।

****** ० ******

**शिवराज सिंह चौहान**

केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले यो वर्ष गाउँलाई गरिबीमुक्त बनाउन आफ्नो मन्त्रालय प्रतिबद्ध रहेको बताउनु भएको छ । हिजो नयाँ दिल्लीमा सबै राज्य र केन्द्र शासित प्रदेशका ग्रामीण विकास मन्त्रीहरूसँग मन्त्रालयका विभिन्न योजनाहरूको समीक्षा बैठकमा उहाले राष्ट्र निर्माणमा गाउँहरूको भूमिकाबारे उल्लेख गर्नु भयो। श्री चौहानले ग्रामीण विकास मन्त्रालयका योजनाहरू आम जनताको आशा र सपना पूरा गर्ने माध्यम भएको बताउनु भयो । उहाले भन्नु भयो, यी योजनाहरूले गाउँको विकासमा केन्द्र सरकारको प्रतिबद्धतालाई उजागर गर्दछ। श्री चौहानले गत वर्षको जुनदेखि महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी ऐन-मनरेगा अन्तर्गत १ सय ३६ करोड मानिस दिवस सिर्जना भएको र यसमार्फत ग्रामीण क्षेत्रमा लगभग ५४ लाख ८३ हजार रोजगारी सम्पन्न भएको बताउनु भयो। केन्द्र सरकारले राज्य सरकारहरूलाई कुल ५० हजार ४ सय ६७ करोड रुपैयाँ पनि जारी गरेको छ। श्री चौहानले विगत १० वर्षमा आवास योजना अन्तर्गत ग्रामीण क्षेत्रमा ३ करोड ४५ लाख घर निर्माण भएको बताउनु भयो । उहाले यस योजनामा नयाँ परिवार जोड्न सर्वेक्षण सुरु भएको पनि बताउनु भयो ।

****** ० ******

**जयशंकर-मालदीव विदेश मंत्री**

विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकर र माल्दिभ्सका विदेशमन्त्री डा अब्दुल्लाह खलिलबीच हिजो नयाँ दिल्लीमा द्विपक्षीय वार्ता सम्पन्न भयो। भारतले माल्दिभ्ससँगको सम्बन्धलाई विशेष महत्व दिएको डा जयशंकरले बताउनु भयो । उहाले भारतले छिमेकी पहिलो नीति र महासागर दृष्टिकोण अन्तर्गत माल्दिभ्सलाई सहयोग गरिरहने आश्वासन दिनु भयो। दुई नेताले गत वर्ष अक्टोबरमा माल्दिभ्सका राष्ट्रपति डा मोहम्मद मुइज्जुको भारत भ्रमणका क्रममा भएको सम्झौताको प्रगतिको समीक्षा गरेका थिए।

माल्दिभ्सका विदेश मन्त्रीले माल्दिभ्सलाई भारतले प्रदान गरेको समयमै आपतकालीन आर्थिक सहयोगको प्रशंसा गर्नुभयो। भारतको अनुदान सहयोगमा माल्दिभ्समा तेस्रो चरणका सामुदायिक विकास परियोजनाहरू कार्यान्वयन गर्न दुवै देशबीच सम्झौता भएको छ ।

****** ० ******

**प्रधानमंत्री कोनेरु हम्पी**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीमा चेस च्याम्पियन कोनेरु हम्पी र उनको परिवारलाई भेट्नु भयो । एक सोशल मिडिया पोस्टमा, श्री मोदीले कोनेरु हम्पीलाई खेलकुद आइकन र भविष्यका खेलाडीहरूको लागि प्रेरणाको स्रोतको रूपमा वर्णन गर्नु भएको छ । श्री मोदीले भन्नु भयो, हम्पीले भारतलाई गौरवान्वित मात्र गरेको छैन तर आफ्नो सीपलाई पनि पुन: परिभाषित गरेका छन् । ह्यम्पी महिला विश्व चेस च्याम्पियनसिपमा उपविजेता बनेकी छन् । उनी दुई पटक महिला विश्व र्यापिड चेस च्याम्पियन भइन्। उनले नयाँ वर्षको दुई दिन अघि न्यूयोर्कमा दोस्रो विश्व न्यापिड उपाधि जितेकी थिइन्। ह्यम्पीले सन् २०१९ मा आफ्नो पहिलो उपाधि जितेकी थिइन्।

****** ० ******

**रनधिर जैसवाल - चीन**

विदेश मन्त्रालयले ब्रह्मपुत्र नदीको माथिल्लो भागमा हुने गतिविधिबाट राज्यको हितमा कुनै असर नपर्ने कुरा सुनिश्चित गर्न भारतले चीनलाई आग्रह गरेको जनाएको छ । चीनको तिब्बत स्वायत्त क्षेत्रको यार्लुङ साङ्पो नदीमा निर्माण भइरहेको जलविद्युत परियोजना सम्बन्धी प्रश्नको जवाफ दिनु हुदै मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले नदीको पानी प्रयोग गर्ने अधिकार भएको निम्न तटीय देश भएकाले भारतले आफ्नो चिन्ता दोहोर्याएको बताउनु भएको छ । भारतले आफ्नो क्षेत्रका नदीहरूमा निर्माण भइरहेका ठूला परियोजनाहरूका सम्बन्धमा विज्ञ तह र कूटनीतिक माध्यमबाट चीनसमक्ष लगातार आफ्ना विचार र चिन्ता व्यक्त गरेको उहाले बताउनु भयो । उहाले सरकारले भारतको हितको रक्षाका लागि अनुगमन र आवश्यक कदम चाल्ने बताउनु भयो । अर्को प्रश्नको जवाफमा प्रवक्ताले चीनको होटान विभागमा दुईवटा नयाँ काउन्टी स्थापना गर्ने घोषणा आफूले सुनेको बताउनु भयो । यी तथाकथित काउन्टीहरूको अधिकार क्षेत्रको केही भाग लद्दाखको केन्द्र शासित प्रदेशमा पर्छ। श्री जैसवालले यस क्षेत्रको भारतीय पक्षमा चिनियाँ अवैध कब्जालाई भारतले कहिल्यै स्वीकार नगरेको बताउनु भयो ।

****** ० ******

**बिहार-प्रकाश पर्व**

बिहारमा गुरु गोविन्द सिंहको ३५८ औँ जन्मजयन्तीमा तीन दिवसीय प्रकाश पर्व आज देखि पटना शहरको तख्त श्री हरमन्दिर साहिबमा सुरु हुँदैछ। तख्त श्री हरमन्दिर साहिब खालसा सम्प्रदायका संस्थापक गुरु गोविन्द सिंहको जन्मस्थल हो। आकाशवाणीसंग कुराकानी गर्नु हुदै गुरुद्वारा व्यवस्थापन समितिका मिडिया इन्चार्ज गुरुविन्दर सिंहले तख्त श्री हरमन्दिर साहिबबाट विशाल जुलुस निकालिने बताउनु भयो । उहाले ६ जनवरीको मध्यरातमा मुख्य प्रकाश पर्व हुने जानकारी दिनु भयो । प्रकाश पर्वमा सहभागी हुन देश तथा विदेशका विभिन्न स्थानबाट ठूलो संख्यामा भक्तजनहरु संगत पटना साहिब पुगेका छन् ।

****** ० ******

**कर्नाटक-नड्डा**

केन्द्रीय स्वास्थ्य एव परिवार कल्याण मन्त्री जेपी नड्डाले आयुष प्रणालीलाई आधुनिक औषधिसँग एकीकृत गर्न स्वास्थ्य सेवा क्षेत्रमा धेरै महत्त्वपूर्ण परिवर्तनकारी नीति समावेश गरिएको बताउनु भएको छ । श्री नड्डाले हिज बेंगलुरुमा स्वामी विवेकानन्द योग अनुसन्धान संस्थानले स्थापना गरेको स्कूल अफ एडभान्स स्टडीजको नयाँ क्याम्पसको उद्घाटन समारोहलाई सम्बोधन गर्नु हुदै सो कुरा भन्नु भएको हो । श्री नड्डाले आधुनिक औषधि उपलब्ध गराउने चिकित्सकहरूले बिरामीहरूलाई लाभदायक आयुष उपचार सिफारिस गर्ने सहयोगी दृष्टिकोण अपनाएको बताउनु भयो । उहाले भन्नु भयो, आयुष ब्लकहरू देशका २२ अखिल भारतीय आयुर्विज्ञान संस्थान-एम्स अस्पतालहरूमा समावेश छन्। उहाले आयुष मन्त्रालयले परम्परागत औषधिको प्रवर्द्धन गर्न 103 देशहरूसँग सहकार्य गरेको र विश्व स्वास्थ्य संगठनले परम्परागत औषधिहरूमा अध्ययन र नवीनतालाई प्रवर्द्धन गर्न जामनगर, गुजरातमा ग्लोबल सेन्टर फर ट्रेडिशनल मेडिसिन सुरु गरेको बताउनु भयो । श्री नड्डाले हरियाणाको केन्द्रीय अनुसन्धान संस्थान योग

र प्राकृतिक चिकित्सा र पुणेको राष्ट्रिय प्राकृतिक चिकित्सा संस्थानले योग र प्राकृतिक चिकित्सालाई उपचारको मूलधारमा ल्याइरहेको बताउनु भयो । उहाले आयुष चिकित्सा पद्धतिमा अनुसन्धानमा सुधार भएको बताउनु भयो ।

****** ० ******

**भारत-ईरान**

भारत र इरानले चाबहार बन्दरगाह, कृषि सहयोग, व्यापार र आर्थिक मुद्दाहरू साथै सांस्कृतिक अनि जनसम्पर्क लगायत सम्पूर्ण द्विपक्षीय सम्बन्धको समीक्षा गरेको छ । १९औँ भारत–इरान विदेश कार्यालय परामर्शदात्री बैठक हिजो नयाँ दिल्लीमा सम्पन्न भएको छ । विदेश सचिव विक्रम मिस्री अनि इरानका उप विदेशमन्त्री माजिद तख्त रेभान्चीले बैठकको सह अध्यक्षता गरेका थिए । वार्तामा अफगानिस्तान, पश्चिम एसिया र दक्षिण काकेशस लगायत सबै क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूबारे छलफल भएको विदेश मन्त्रालयले जनाएको छ।

****** ० ******

**दिल्ली-ग्रैप-3**

वायु गुणवत्ता प्रबंधन आयोगले राष्ट्रिय राजधानी क्षेत्रमा वायुको गुणस्तर खस्किन नदिन 'ग्रेडेड रेस्पोन्स एक्सन प्लान–ग्रेप–श्री' तत्काल लागू गरेको छ । क्षेत्रको हावाको गुणस्तर निकै कमजोर भएकाले यो कदम चालिएको हो । ग्रेप–श्रीमा अत्यावश्यक बाहेकका निर्माण र सडक निर्माणका काममा रोक लगाइएको छ । यसमा दिल्ली, गुरुग्राम, फरीदाबाद, गाजियाबाद र गौतम बुद्ध नगरमा BS-III पेट्रोल र BS-IV को फोर विलर डिजेल वाहनको आवतजावतमा पनि प्रतिबन्ध लगाइएको छ।

****** ० ******

**जितेंद्र- डीएसआईआर स्थापना दिवस**

केन्द्रीय विज्ञान तथा प्रौद्योगिकी मन्त्री जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा वैज्ञानिक अनि औद्योगिक अनुसन्धान विभाग (DSIR) को 40 औं स्थापना दिवस समारोहमा भाग लिनु हुनेछ । कार्यक्रममा भारत सरकारका प्रमुख वैज्ञानिक सल्लाहकार प्रोफेसर अजय कुमार सूद, वैज्ञानिक तथा अनुसन्धान विभागका सचिव अनि काउन्सिल अफ साइन्टिफिक एण्ड रिसर्च (CSIR) का महानिर्देशक पनि सहभागी हुनेछन्। कार्यक्रममा CSIR लघु उद्योग भारतीबीच प्रविधि हस्तान्तरण सम्झौतामा पनि हस्ताक्षर हुनेछ । यस कार्यक्रमको उद्देश्य उन्नत औद्योगिक अनुसन्धान र नवीनतामा DSIR को योगदान प्रदर्शन गर्नु हो । वैज्ञानिक तथा औद्योगिक अनुसन्धान विभागले अनुसन्धान इकोसिस्टमलाई सुदृढ गर्न विभिन्न योजना मार्फत विकास केन्द्र, वैज्ञानिक तथा औद्योगिक अनुसन्धान संस्था र सार्वजनिक वित्त पोषित संस्थालाई प्रवर्द्धन गरेको छ ।

****** ० ******

**मांडविया गुजरात**

केन्द्रीय श्रम तथा रोजगार मन्त्री मनसुख मण्डावीयले विकसित भारतको परिकल्पनालाई साकार पार्न राष्ट्र निर्माणमा योगदान दिन युवाहरूलाई आह्वान गर्नु भएको छ । गुजरातको सुरतमा आयोजित एक कार्यक्रममा बोल्नु हुदै श्री मण्डावियाले देशलाई अगाडि बढाउन युवाहरूमा नेतृत्व क्षमता विकास गर्नु पर्ने आवश्यकतामा जोड दिनु भयो ।

****** ० ******